प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

**प्रदेश नं. २**

**जनकपुरधाम, धनुषा**

पत्र संख्याः २०७७।७८

च.नं. ६०८

## आगामी आ.व. २०७८/७९ का लागि समपूरक अनुदान र विशेष अनुदान कार्यक्रमको निवेदन पेश गर्ने सम्बन्धमा

प्रदेश नं. २ को विनियोजन ऐन, २०७७ को दफा १२ मा रहेको व्यवस्था बमोजिम आगामी आ.व. २०७८/०७९ मा प्रदेश सरकारबाट स्थानीय तहमा कार्यान्वयन हुने विशेष र समपूरक अनुदान अन्तर्गतका कार्यक्रमका लागि सबै स्थानीय तहले १/१ (एक) वटा कार्यक्रम/आयोजना छनौट गरी विनियोजन ऐन, २०७७ को अनुसूचि-३ बमोजिमको ढाँचामा आर्थिक मामिला तथा योजना मन्त्रालयमा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आइपुग्ने गरी पठाइदिनु हुन प्रदेश सरकार (मन्त्रीस्तर) को मिति २०७७/१०/११ को निर्णयानुसार सम्बन्धित सबै स्थानीय तहलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ । साथै स्थानीय तहहरुबाट योजनाको सिफारिस यस मन्त्रालयको ईमेलः info.moeap@p2.gov.np मा समेत पठाउन सकिनेछ । समपूरक अनुदानको हकमा प्रदेश सरकारले योजनाको कूल लागतको बढीमा ५० प्रतिशत सम्म रकम उपलब्ध गराउन सक्नेछ ।

<u>अनुदान प्रदान गरिने क्षेत्रः</u>

ग) समपूरकः भौतिक पूर्वाधारका क्षेत्रहरु(सडक, सिंचाई, खानेपानी, पर्यटन, खेलकुद तथा पुलपुलेसा लगायतका क्षेत्र, गरिवी न्यूनिकरण, रोजगारी सिर्जना, स्थानीय स्रोत साधनको अधिकतम उपयोग हुने)

घ) विशेष अनुदानः शिक्षा, स्वास्थ्य, खानेपानी, खाद्यान्न, पिछडिएको क्षेत्र, अल्पसंख्यक विशेषलाई लक्षित गरी संचालन गरिने आधारभूत सेवा आपूर्ति सम्बन्धी योजना तथा कार्यक्रम

<u>बजेट सीमाः</u>

| *अनुदानको किसिम* | *गा.पा./न.पा.* | *उ.म.न.पा.* | *म.न.पा.* |
|---|---|---|---|
| समपूरक | २० लाख | ५० लाख | ७५ लाख |
| विशेष | ३० लाख | ७५ लाख | १ करोड |

<u>पेश गर्नु पर्ने कागजातः</u>

१. कार्यपालिकाको निर्णय
२. नगरसभाबाट आगामी आ.व.को बजेटमा समावेश गर्नुपर्ने प्रतिवद्धता
३. लागत अनुमान लगायतका कागजात
४. विनियोजन ऐन २०७७ को अनुसूचि ३ फारम भरी प्रमुख प्रशासकीय अधिकृत र नगर प्रमुखबाट प्रमाणित प्रति ।

<u>**पुनश्चः**</u> विशेष र समपूरक अनुदान छनौट सम्बन्धी व्यवस्था विनियोजन ऐन, २०७७ मा गरिएको व्यहोरा अनुरोध छ । विनियोजन ऐन,२०७७ यस मन्त्रालयको Website: www.moeap.p2.gov.np बाट Download गर्न सकिनेछ ।